यस विभागको मिति २०८०/०८/१८ को बैठकबाट निर्णयभई लागू भएको देहायको मापदण्ड मिति २०८०/०८/२५ को विभागीय निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागी यो सूवना प्रकाशित गरिएको छ।

# वनक्षेत्र तथा नीजि स्वामित्वको जग्गामा समेत पर्ने गरी क्वारी क्षेत्र स्वीकृत भई वनको भोगाधिकार प्राप्त नभईसकेका र नीजि जग्गामा खानी संचालन गर्न प्रस्ताव गरेका खानीहरुले पालना गर्नुपर्ने मापदण्ड-२०८०

१. **क्वारी क्षेत्रमा नीजि जग्गाको न्यूनतम क्षेत्रफलः** खानी उत्खनन् अनुमतिपत्र जारी भईसकेको तर उत्खननको लागि वन क्षेत्र प्रयोग गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त नभईसकेको अवस्थामा नीजि जग्गामा मात्र खानी उत्खनन् कार्य गर्नको लागि स्वीकृत क्वारी क्षेत्र मध्ये सो मा नीजि जग्गा एकमुष्ठ न्यूनतम १ हेक्टर क्षेत्रफल भएको हुनुपर्नेछ।

२. **पहुँच मार्ग र सहायक संरचनाः** उत्खनन् क्षेत्रसम्मको पहुँचमार्ग र सहायक संरचना देहाय बमोजिम हुनुपर्नेछ।

(क)नीजि जग्गामा प्रस्तावित उत्खनन् क्षेत्रसम्मको पहुँच मार्ग निर्माण भईसकेको वा वन क्षेत्र नपर्ने गरी उत्खनन् कार्ययोजना स्वीकृत भएको हुनु पर्ने। पहुँच मार्ग पुगेको अवस्थामा कस्तो किसिमको बाटो हो खुलाई सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने देखिएमा सो समेत पेश हुनुपर्ने।

(ख)डम्पयार्ड, स्टकयार्ड आदि नीजि जग्गामा हुने गरी कार्ययोजना स्वीकृत भएको हुनुपर्ने र सो सम्मको पहुँच मार्गको हकमा उपरोक्त बुँदा (क) बमोजिम नै हुने।

३. **स्वीकृत उत्खनन् कार्ययोजना बमोजिमको डिजाईन कायम हुनुपर्नेः** नीजि जग्गामा खानी संचालन गर्न स्वीकृति माग गरी निवेदन गरेको अवस्थामा नीजि जग्गा र वन क्षेत्रको अवस्थितिका आधारमा स्वीकृत माईनिङ्ग डिजाईन बमोजिम उत्खनन् कार्य गर्न प्राविधिक तथा वातावरणीय रुपमा उपयुक्त हुने देखिएमा।

४. **खनिज कार्यको लागि वन क्षेत्रको प्रयोगः** नीजि जग्गामा मात्र खानी संचालनको लागि निवेदन गर्दा वन नियमावली, २०७९ ले निर्दिष्ट गरे बमोजिम आवश्यक कागजातहरु संलग्न गरी खनिज उत्खनन् कार्यको लागि वन क्षेत्रको प्रयोगको निमित्त खानी तथा भूगर्भ विभागमा विभागमा निवेदन गरी विभागबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश भएको हुनु पर्नेछ।

क्रमशः.......

५. **तौलपुल (Weighing Bridge):** खानी संचालन गर्नु अगाडी खानीद्वारमा अनिवार्य रुपमा तौलपुल स्थापना भएको हुनु पर्नेछ।

६. **नीजि जग्गा र वन क्षेत्रबिच मध्यवर्ति क्षेत्र (बफर जोन):** वन नियमावली, २०७९ को नियम १०१ बमोजिम वन क्षेत्रको सिमानाबाट नीजि जग्गा तर्फ अनिवार्य रुपमा १० मि. को बफर जोन कायम गरी स्पष्ट Demarcation भएको हुनु पर्ने। Demarcation प्रतिवेदन पेश गरेपश्चात मात्र उत्खनन् कार्य गर्नु पर्नेछ।

७. **नीजि जग्गा र वन क्षेत्रको जग्गाको अनुपातः** वन तथा नीजि जग्गामा एकिकृत रुपमा संचालन हुने खानीमा नीजि जग्गा र सरकारी वन क्षेत्रको जग्गाको अनुपात गणना गरी नीजि जग्गाको अनुपात बराबर हुने कूल स्वीकृत उत्पादन क्षमता परिमाणमा नबढ्ने गरी मात्र उत्खनन् कार्य गर्नु पर्नेछ।

८. **नीजि जग्गामा मात्र उत्खनन गर्न पाउने** अवधीः नीजि जग्गामा खानी संचालन गर्न निवेदन गरी विभागिय निर्णयानुसार उत्खनन् स्वीकृति प्राप्त हुने उत्खनन् अनुमतिपत्रबाहकले स्वीकृत आर्थिक बर्षमा मात्र उत्खनन् कार्य गर्न पाउने। आगामी आर्थिक बर्षमा उत्खनन् कार्यको निरन्तरताका लागि निवेदन प्राप्त भएमा पुन विभागीय निर्णय हुनु पर्ने। यसरी निरन्तरता दिने गरी निर्णय भएमा बुदाँ नं. ६ मा उल्लिखित व्यहोरा बमोजिमको अनुपातमा उत्खनन् परिमाण सिमित रहनु पर्नेछ।

९. नीजि जग्गामा मात्र उत्खनन कार्य गरेको अवस्थामा खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम रोयल्टी, अन्य दस्तुर बुझाउने। तर, वन नियमावली, २०७९ को नियम १०० को उपनियम (६) मा "राष्ट्रिय वनबाट निकालिने खनिजजन्य वन पैदावारको हकमा प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन तथा नियमावलीमा तोकिए बमोजिमको मूल्य रकम खानी तथा भूगर्भ विभागमा बुझाउनु पर्नेछ र सो रकमको थप दश प्रतिशत रकम वातावरणीय सेवा शुल्क बापत खानी तथा भूगर्भ विभाग मार्फत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।" भन्ने व्यवस्था रहेकोले वनको भोगाधिकार प्राप्त भई खनिज उत्खनन् कार्य गरे पश्चात खानीमा नीजि जग्गा र सरकारी वन क्षेत्रको जग्गाको अनुपात गणना गरी सोही बमोजिम वन क्षेत्रको जग्गाको अनुपातमा वन नियमावली, २०७९ बमोजिम वन क्षेत्रको हुन आउने रकम विभागको निर्देशानुसार वन विकास कोषमा जम्मा गर्नु पर्नेछ ।

नेपाल सरकार
उद्योग तथा आपूर्ति मन्त्रालय
खानी तथा भू-गर्भ विभाग
लैनचौर काठमाडौं